# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु सार्वजनिक।

**मिति २०८१/०३/०१ गतेको गाउँ कार्यपालिकाको १४ औं बैठकमा पेश भएका प्रस्तावहरु:**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा । | |
| २. | चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम समिक्षा सम्बन्धमा । | |
| ३. | असाधारण पारिवारिक वृत्ति तथा उपदान उपलब्ध गराउने सम्बन्धमा । | |

**मिति २०८१/०३/०१ गतेको गाउँ कार्यपालिकाको १४ औं बैठकबाट भएका निर्णयहरु:**

१. आगामी आ.व. २०८१/०८२ का लागि विषयत क्षेत्रगत नीति तथा कार्यक्रम र बजेट मिति २०८१/०३/०५ गतेभित्र पेश गर्न विषयगत समिति र शाखाहरुलाई निर्देशन गर्ने।

२. चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा गरियो । विस्तृत समिक्षाको लागि विषयत समिति र विषयगत शाखालाई प्रतिवेदन तयार गरि २०८१ अषाढ मसान्तभित्र पेश गर्न निर्देशन गर्ने ।

३. यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री बबिन शाही कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतद्धारा मिति २०७९/१०/०७ देखि २०७९/१०/०९ सम्म सञ्चालन गरिएको समिक्षा कार्यक्रममा सहभागी भएको अवधि २०७९/१०/०८ गते वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ स्थित झुप्राखोलामा सवारी दुर्घटनामा परी उपचारको क्रममा कर्णाली प्रदेश अस्पताल सुर्खेतमा मृत्यु भएकोले स्वास्थ्य सेवा नियमावली २०५५ बमोजिम प्राप्त हुने सुविधाहरु मध्ये थप उपदानको रुपमा मृतक कर्मचारीले खाइपाई आएको तलबको तीन महिनाको एकमुष्ट रकम नेपाल सरकारबाट उपलब्ध नभएको हुँदा उक्त रकम यस भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय राजस्व बाँडफाँड शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**भिन्न मतको अभिलेख**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| १. | × | × | × | × |
| २. | × | × | × | × |